# कोभिड -१९ सँग लड्नका लागि मानवीय मापदण्डहरूको प्रयोग

कोरोना भाइरस विश्वव्यापी रूपमा फैलिइरहेको छ । व्यक्ति, समुदाय, क्रियाशील मानवीय निकाय तथा स्थानीय एवं केन्द्रीय अधिकारीहरूले प्रभावित मानिसका अधिकारहरूको रक्षा गर्नका लागि सर्वोत्कृष्ट किसिमबाट कसरी प्रतिकार्य गर्लान् ?

**स्फियर र यसका साझेदारका मापदण्डहरूले हाम्रो प्रतिकार्यलाई मार्ग-दर्शन गर्न सक्दछन् ।** गलत सूचना तथा तिरस्कारको खतरासहितको असुरक्षाका परिस्थितिहरूमा, भाइरस फैलने कार्यलाई सीमित पार्नका निमित्त मदत गर्नका लागि एकदमै महत्त्वपूर्ण एवं आधारभूत सिद्धान्त तथा क्रियालापहरूका बारेमा थाहा पाउनु र तिनलाई प्रयोगमा ल्याउनु महत्त्वपूर्ण हुन्छन् ।

मानवीय क्षेत्रमा त्यस्ता औजारहरू विद्यमान छन् जुन औजारहरूले *कोभिड-१९* मा तपाईंले गर्ने प्रतिकार्यमा प्रत्यक्ष रूपमा सहयोग पुर्‍याउन सक्दछन् । सन् २०१४ मा पश्चिम अफ्रिकामा इबोला महामारी फैलिएदेखि नै रोगको महामारीमा गरिने प्रतिकार्यमा केन्द्रित रहेर यस क्षेत्रमा महत्त्वपूर्ण ज्ञान र प्रमाणहरूको सङ्कलन गरिँदै आइएको छ ।

एकदमै विस्तृत औजारहरूमध्येको एउटा औजार भनेको स्फियर निर्देशिका हो । स्फियर र **मानवीय मापदण्डहरूसम्बन्धी साझेदारी** (Humanitarian Standards Partnership – HSP) मा त्यस्तो न्यूनतम प्रतिकार्यलाई परिभाषित गर्ने **मापदण्ड तथा मार्ग-दर्शनहरू** छन् जुन प्रतिकार्यको अपेक्षा गर्ने अधिकार **सङ्कटबाट प्रभावित सम्पूर्ण मानिसहरूलाई हुन्छ** । ती मापदण्ड तथा मार्ग-दर्शनहरूले मर्यादापूर्वक बाँच्नका लागि र पुनर्लाभ हासिल गर्नका लागि प्रभावित जनसङ्ख्याका निमित्त **के विद्यमान हुनु आवश्यक हुन्छ** भन्ने कुरा स्थापित गर्दछन् । स्फियर मापदण्डहरू *कोभिड-१९* जस्तो जनस्वास्थ्यसम्बन्धी आपत्कालीन परिस्थितिका लागि प्रत्यक्ष रूपमा सान्दर्भिक छन् र तिनमा पनि स्वास्थ्य तथा पानी र सरसफाइसम्बन्धी अध्यायहरू सबभन्दा महत्त्वपूर्ण छन् ।

**मूलभूत मानवीय मापदण्ड** र त्यसपछिका मापदण्डहरूलगायतका साझेदारीका हाम्रा मापदण्डहरू उत्तिकै महत्त्वपूर्ण छन् र ती मापदण्डहरू मानवीय मापदण्डहरूसम्बन्धी साझेदारीका अर्थात् **नगद सहयोग, वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण, आपत्कालीन परिस्थितिहरूमा शिक्षा, बाल संरक्षण र बजार तथा आर्थिक पुनर्लाभका** अङ्ग हुन् ।

अझ बढी महत्त्वपूर्ण रूपमा, प्राविधिक सल्लाहभन्दा पर गएर यी मापदण्डहरूले मानिसहरूका अधिकार, जानकारीको आदान-प्रदान एवं सामुदायिक संलग्नताका बारेमा मार्ग-दर्शन उपलब्ध गराउँदछन् :

**क.** **जानकारी :** जनतालाई के भइरहेको छ भन्ने कुरा थाहा पाउने र चालिएका कदमहरू उनीहरूको आफ्नै र समुदायको सर्वोत्तम हितमा छन् भन्ने कुरामाथि विश्वास गर्ने अधिकार मानिसहरूलाई हुन्छ । महामारी, वास्तविक खतरा र उनीहरूबाट के अपेक्षा गरिएको छ भन्ने सम्बन्धमा स्पष्ट, पारदर्शी तथा बुझ्न सकिने जानकारी पाउने अधिकार मानिसहरूलाई हुन्छ ।

ख. **मर्यादा :** मानिसहरू मानव हुन्, खालि बिरामी मात्र होइनन् । उनीहरूको **मानवीय मर्यादा**लाई सम्मान गर्नु तपाईंले गर्ने प्रतिकार्यको आधार हो । केही मानिसहरू **तिरस्कारसँग** सम्बन्धित अवस्थासहित बाँचिरहेका हुन सक्दछन् अथवा उनीहरू साँच्चिकै **कोरोनाभाइरस भएको कारणले गर्दा तिरस्कार** गरिन सक्दछ भनी डराएका हुन सक्दछन् । यसले आफूमाथि भेदभाव हुन नदिनका लागि बिमारी लुकाउने कुरातिर यस्ता मानिसहरूलाई प्रवृत्त गराउन सक्दछ । त्यसकारण, सहयोग गर्ने सन्देश तथा हेरचाह उपलब्ध गराउनु महत्त्वपूर्ण हुन्छ ।

**ग.** **सामुदायिक संलग्नता :** यदि तपाइँ विश्वासको निर्माण गर्न चाहनुहुन्छ भने पारदर्शी रूपमा जानकारीको आदान-प्रदान गर्नुहोस्, प्रत्यक्ष रूपमा समुदाय (महिला, बाल-बालिका, वृद्ध-वृद्धा, अपाङ्गता भएका व्यक्ति र प्रायः अन्य बहिष्कृत समूहलगायत) लाई संलग्न गर्नुहोस्, उनीहरूका कुरा सुन्नुहोस् र हल्ला तथा गलत जानकारी फैलिन नदिनका लागि उनीहरूका दृष्टिकोण, सामाजिक मान्यता एवं विश्वासहरूका बारेमा थाहा पाउनुहोस् ।

**घ.** **अन्य आवश्यकता तथा अरूहरूलाई नबिर्सनुहोस् :** कोरोना भाइरस फैलने कार्यको रोकथाममा केन्द्रित हुँदा यसले हामीलाई प्रभावित मानिसहरूका अन्य आवश्यकताहरूलाई बिर्सने बनाउनु हुँदैन, न त व्यापक जनसङ्ख्याका दीर्घकालीन आवश्यकताहरूलाई नै हामीले बिर्सन हुन्छ ।

तपाइँ यो काम प्रभावित समुदायहरूका लागि मर्यादित तथा सुरक्षित किसिमले कसरी सम्पन्न गर्नुहुन्छ ? यसपछिका पृष्ठहरूमा दिइएका प्राविधिक मार्ग-दर्शनहरूले यो कसरी सम्पन्न गर्ने भन्ने कुरा तपाईंलाई देखाउनेछन् । यसमा मानवीय मापदण्डहरूका धेरै सान्दर्भिक परिच्छेदहरू पर्दछन् ।

थप जानकारीका लागि, कृपया हामीसँग सम्पर्क गर्नुहोस् : **info@spherestandards.org**
**www.spherestandards.org**